# सुन्दरहरैँचा नगरपालिका
SUNDARHARAINCHA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
विराटचौक, मोरङ
Biratchowk, Morang
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal


F/Y प.सं. - २०८३/०८४ (2083/084)
Ref/ च.नं. -

## इलेक्ट्रिकल इन्जिनियर परामर्श सेवा खरिदका लागि कार्य क्षेत्रगत शर्त (TOR)

**१. पदको नाम:-**

इलेक्ट्रिकल इन्जिनियर

**२. कार्यस्थल:-**

सुन्दरहरैँचा नगर कार्यपालिकाको कार्यालय तथा आवश्यकता अनुसार वडा कार्यालय, आयोजना स्थल तथा नगरपालिका नगर कार्यपालिकाले तोकेको अन्य कार्यस्थल।

**३. उद्देश्य:-**

नगरपालिकाका विद्युतीय प्रणाली, सडक बत्ती, सोलार, जेनेरेटर, UPS, Inverter तथा अन्य विद्युतीय उपकरणहरूको अध्ययन, डिजाइन, परीक्षण, सुपरिवेक्षण, सञ्चालन तथा मर्मत सम्भार कार्यलाई प्रभावकारी बनाउनु।

**४. कार्य विस्तृत विवरण:-**

- कार्यलय, सो अन्तर्गतका इकाइहरुको विद्युतीय उपकरण, सडक बत्ती, सोलार प्रणाली तथा जेनेरेटर खरिदका लागि Specification, BOQ तथा लागत अनुमान तयार गर्ने,
- विद्युतीय प्रणालीको निरीक्षण, परीक्षण, Verification तथा Acceptance गर्ने,
- भुक्तानीका लागि प्राविधिक प्रतिवेदन् तयार गर्ने,
- सडक बत्ती, High Mast, Solar System तथा कार्यालय विद्युत प्रणालीको सुपरिवेक्षण गर्ने,
- मर्मत सम्भार योजना तयार गर्ने तथा कार्यालयले तोकेका अन्य कार्य गर्ने,
- आवश्यक भएमा समिति/कार्यदलमा रहि कामकाज गर्ने,
- आयोजना/कार्यक्रम अन्तर्गत भएका खरिद भएका/हुने इलेक्ट्रिकल सामाग्रीहरुको specification, लागत अनुमान तर्जुमा र verification report तयार गर्ने,
- कार्यालयले तोकेको अन्य कार्य गर्ने।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

- मासिक न्यूनतम ८(आठ) कार्यदिन रहनेछ र अन्य दिन कार्यालयको आवश्यकता अनुसार कार्य गर्नुपर्ने ।

**५. पालिकाको विद्युतीय प्रणाली तथा उपकरण व्यवस्थापन:-**

इलेक्ट्रिकल इन्जिनियरले नगरपालिकामा रहेका विद्युतीय प्रणाली तथा उपकरणहरूको सञ्चालन, मर्मत सम्भार, निरीक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यसमेत सम्पादन गर्नुपर्नेछ । न्यूनतम रूपमा निम्न उपकरणहरूको प्राविधिक व्यवस्थापन गर्नुपर्नेछः

१. नगरपालिका, वडा कार्यालय, नगर अस्पताल, स्वास्थ्य चौकी तथा मातहातका कार्यालयहरूको आन्तरिक विद्युत प्रणाली।
२. Street Light, LED Street Light तथा High Mast Light ।
३. Solar Street Light, Solar Power System ।
४. Generator, ATS Panel, UPS, Inverter तथा Backup Power System ।
५. Distribution Board, LT Panel तथा Metering System ।
६. विद्युत मोटर, पानी पम्प तथा अन्य विद्युतीय उपकरण ।
७. CCTV तथा Server Room Power System ।
८. नयाँ आयोजनाको विद्युतिय व्यवस्थापन(drawing, designing etc.) ।
९. नगरपालिकाले खरिद गर्ने अन्य विद्युतीय उपकरणहरु ।

**६. पेश गर्नुपर्ने कागजातहरु:-**

- ✓ अनुसुची-१ बमोजिमको आर्थिक प्रस्ताव,
- ✓ न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र,
- ✓ विदेशी बोर्डबाट उत्तिर्ण भई शैक्षिक योग्यता प्राप्त गरेको भए समकक्षता निर्धारण गरेको प्रमाणपत्र,
- ✓ नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको प्रमाणपत्र,
- ✓ कार्य अनुभवको प्रमाणपत्र,

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

F/Y प.सं. - २०८३/०८४ (2083/084)
Ref/ च.नं. -

✓ फर्मले पेश गर्नेको हकमा अघिल्लो आ.वको कर चुक्ता प्रमाणपत्र, व्यवसाय/फर्म/कम्पनी दर्ता प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाणपत्र, जनशक्तिको CV र सम्बन्धित व्यक्तिको मन्जुरी सहित पेश गर्नुपर्नेछ ।

**७. प्रस्ताव मुल्याङ्कनका आधार:-**

अधिकतम लागत अनुमान रु.२,४९,१३६/- (दुई लाख उनन्चास हजार एक सय छत्तीसा रुपैयाँ मात्र)(मु.अ.कर बाहेक) (पारिश्रमिक्र कर)भन्दा न्यून कबोल गर्ने फर्म/व्यक्ती/संस्थाले पेश गर्ने कबोल अंकको तुलना गरि न्युनतम रकम कबोल गर्ने सारभूत रुपमा प्रभावग्राही हुनेछ ।

**८. भुक्तानी सम्बन्धी व्यवस्था:-**

- कार्यालयले रकम भुक्तानी गर्दा नियमानुसार करकट्टी गरी भुक्तानी गर्नेछ,
- यस कार्यको समन्वय र प्रतिवेदन शहरी पूर्वाधार विकास तथा भवन नियमन शाखाले समन्वय गर्नेछ,
- भुक्तानी माग गर्दा प्रतिवेदन सहित माग गर्ने,
- शहरी पूर्वाधार विकास तथा भवन नियमन शाखाले प्रतिवेदन र अभिलेखका आधारमा त्रैमासिक भुक्तानीका लागि सिफारिस गर्नेछ ।

**९. अन्य शर्तहरु:-**

- प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु संलग्न राखी अनिवार्य रुपमा शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।
- नगरपालिकामा साविकमा भएका वा नगरपालिकाले खरिद गर्ने वा ममर्त गर्ने विद्युतिय यन्त्र/उपकरण लगायतका सम्पूर्ण इलेक्ट्रिकल सामाग्रीहरुको स्पेशिफिकेसन तयार गर्ने, लागत अनुमान तयार गर्ने, प्राविधिक मुल्याङ्कन गर्ने लगायतका यस्तै प्रकृतिका कामहरु गर्नुपर्नेछ ।
- नगरपालिकाले तोकेका अन्य कार्यहरु गर्नु पर्नेछ ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत